**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ५** **मितिः २०७७/१२/१०**

## भाग – २

## बान्नीगढी जयगढ गाउँपालिका

### अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

गाउँ सभाबाट स्वीकृत मिति २०७७/१२/०७

**प्रस्तावनाः** युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन गरी समृद्ध बान्नीगढी जयगढ गाउँपालिका निर्माणका लागि सक्षम नागरिकको रुपमा तयार गर्न सबै खाले युवाहरुको सर्वाङ्गीण विकास, सशक्तीकरण गरी युवा सम्बन्धि बिषयको नीति निर्माण देखि कार्यान्वयन तहसम्म आवश्यकतानुसार उनिहरुलाई संलग्न गराई गाउँपालिकाको विकासको मूलप्रवाहमा समावेश गर्न

सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,"बान्नीगढी जयगढ गाउँपालिका, अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" को स्थापना र सञ्चालन गर्न स्थानीय स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यक्रक सञ्चालन कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस सञ्चालन कार्यविधिको नाम **"बान्नीगढी जयगढ गाउँपालिका, अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि-२०७७"** रहेकोछ।

(क) **"गाउँपालिका"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिका सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले बान्नीगढी जयगढगाउँकार्यपालिका सम्झनुपर्छ।

(ग) **"वडा समिति"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको वडा समिति सम्झनुपर्छ।

(घ) **"अध्यक्ष"** भन्नाले बान्नीगढी जयगढ गाउँकार्यपालिकाको **अध्यक्ष**लाई सम्झनुपर्छ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले बान्नीगढी जयगढ गाउँकार्यपालिकाको **उपाध्यक्ष**लाईसम्झनुपर्छ।

(च) **"वडा अध्यक्ष"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको वडाको **वडा अध्यक्ष**लाई सम्झनुपर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ

(ज) **"सभा"** भन्नाले बान्नीगढी जयगढ गाउँसभालाई सम्झनुपर्छ।

(झ) **"कार्यक्रम्"** भन्नाले बान्नीगढी जयगढ **अध्यक्ष युवा स्वरोजगार कार्यक्रम** सञ्चालन कार्यबिधिलाई सम्झनुपर्छ।

(ञ) **"युवा"** भन्नाले गाउँपालिका भित्रका यूवा समूह उमेर भएको व्यक्तिलाई सम्झनुपर्छ।

(ट) **"संयोजक"** भन्नाले कार्यक्रम सञ्चालन समितिको**संयोजक**लाई सम्झनुपर्छ।

(ठ) **"सदस्य सचिव"** भन्नाले कार्यक्रम सञ्चालन्को सदस्य सचिवलाई सम्झनुपर्छ।

(ठ) **"सदस्य" भन्नाले** कार्यक्रम सञ्चालनको सदस्यलाई सम्झनुपर्छ।

(ड) **"समिति"** भन्नाले कार्यक्रम सञ्चालन्को कार्यकारी समितिलाई सम्झनुपर्छ।

(ढ) **"पदाधिकारी"** भन्नाले समितिको अध्यक्ष र सदस्य सचिवलाई सम्झनुपर्छ।

(ण) **"सदस्य"** भन्नाले कार्यक्रम सञ्चालनको समिति सदस्यलाई सम्झनुपर्छ।

## परिच्छेद-२

### कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. बान्नीगढी जयगढ गाउँपालिका भित्र युवाहरुको हक, हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन गरी समृद्ध बान्नीगढी जयगढ गाउँपालिका निर्माणका लागि यस कार्यविधिको दफा ९ मा व्यवस्था भएको योग्यता पुगेको क्रियाशील व्यक्तिहरु मध्येबाट गाउँकार्यपालिकाले देहाय बमोजिमको एक अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन समिति गठन गर्ने छ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) समितिले मनोनयन गरेको वार्ड अध्यक्ष मध्येबाट एकजना वा गाउँ कार्यपालिका सदस्य मध्येबाट एक जना गरी १ जना -सदस्य

(घ) समितिले मनोनयन गरेको निर्वाचित गाउँसभा सदस्यहरु मध्येबाट आदिवासि जनजाति,

दलित,अपाङ्गता भएका, अल्पसंख्यकको समेत प्रतिनिधित्व हुनेगरी २ जना - सदस्य

(ङ) अध्यक्षबाट आवश्यकता अनुसार मनोनवयन हुने गरी, सामाजिक अगुवा मध्येबाट

प्रतिनिधित्व हुनेगरी ३ जना - सदस्य

(च) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. दफा ३ बमोजिमका सदस्यहरुको मनोनयन समावेशी सिद्धान्तको आधारमा गरिनेछ र त्यसरी मनोनयन गर्दा कम्तीमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराइनेछ ।

५. दफा ३ बमोजिम गठन भएको समितिको पदावधि गठन भएको मिति देखि तीन (३) वर्ष हुनेछ ।

६. संयोजकले कुनै कारणबाट आफ्नो पदबाट राजिनामा दिन चाहेमा गाउँ कार्यपालिका समक्ष र अन्य पदाधिकारीले तथा सदस्यले संयोजक समक्ष राजिनामा पेश गर्नुपर्नेछ ।

७. पदावधिको विचमा राजिनामा दिई, मृत्युभई, असत्तभई, फौजदारी अभियोगमा सजाय पाई, बसाईसरी बाहिर गएमा, पदिय दायित्व सन्तोषजनक ढङ्गले वहन नगरी पदबाट फिर्ता बोलाई वा अन्य कारणले समितिको पद रित्त भएमा बाँकि रहेका पदावधिको लागि मात्र गाउँकार्यपालिकाले जुन क्षेत्रको रिक्त भएको हो सोही क्षेत्रबाट मनोनयन गर्नेछ ।

८. समितिमा गाउँपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको गाउँ कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यलाई आफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सक्नेछ ।

९. समितिमा पदाधिकारी तथा सदस्यमा मनोनयन गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

(क) यूवा समूहका नेपाली नागरिकता प्रमाण पत्र प्राप्त १८ वर्ष पुरा गरेका नेपाली नागरिक,

(ख) समितिको कार्यवारे पर्याप्त जानकारी भई योगदान पुऱ्याउन सक्ने,

(ग) युवाहरुको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको,

(घ) गाउँपालिकाको नागरिक/गाउँपालिकाभित्र बसोबास गरी योगदान पुऱ्याइ रहेको,

(ङ) फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति,

(च) मानसिक सन्तुलन नगुमाएको व्यक्ति,

(छ) बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा नपरेको व्यक्ती ।

**१०. समितिको काम, कर्तव्य र अधिकार** : यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समित्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) युवा सम्बन्धि दीर्घकालीन नीति तर्जुमा गरी बान्नीगढी जयगढ गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ख) बान्नीगढी जयगढ गाउँपालिकाबाट स्वीकृत नीति, कार्यक्रमको अधिनमा रही युवा सम्बन्धि योजना तथा कार्यक्रम बनाई लागु गर्ने,

(ग) समितिसँग आबद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयम्सेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवाहरुलाई स्वरोजगार बन्ने तर्फअभिप्रेरीत गर्ने

(च) स्वरोजगार श्रृजनाको अवसरको पहिचान गर्ने

(छ) समितिको बार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृतको लागि गाउँपालिकामा पेश गर्ने,

(ज) युवा विकास,सशक्तिकरण एवम् मूलप्रवाहिकरण सम्बन्धि बिषयमा बान्नीगढी जयगढ गाउँपालिकालाई सुझाव दिने,

(झ) युवाहरुको क्षमता विकास तथा प्रतिभा प्रस्फुटनका लागी विविध सिर्जनात्मक कार्य गर्न गराउने ।

(ञ)युवाहरुको सुधारात्मक कार्य गर्ने गराउने,

(ट) समितिले गरेको कार्यको वार्षिक प्रगति विवरण गाउँपालिकामा पेश गर्ने,

(ठ) युवालाई समृद्धिको मूल प्रवाहमा परिचालित गर्न अभियानमूलाक कार्य सञ्चालन गर्ने/गराउने,

(ड) समितिबाट स्वीकृत नीति र मार्गदर्शनको अधिनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धि प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(ढ) युवाका लागि स्वरोजगार प्रबर्द्धन तथा उद्यमशीलता अभिबृद्धि सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(ण) युवालाई गाउँ विकासमा समाहित गर्न सचेतनामूलक तथा श्रमदान कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(त) युवाको सर्वाङ्गिण विकासका लागि खोज, अध्ययन, अनुसन्धानमूलक कार्य गर्ने/गराउने,

(थ) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने/गराउने,

(द) युवालाई गाउँपालिकाको नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ध) युवा सम्बन्धि विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने,

(न) युवा सम्बन्धि संघ, संस्थाको क्षमता अभिबृद्धि गर्ने/गराउने,

(प) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

**११. समितिको बैठक :** समितिको बैठक आवश्यकतानुसार बस्नेछ । समितिको बैठकको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ । समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ । समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा विज्ञको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-३

### कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

१६. कार्यकारी समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) समितिको नेतृत्व गर्ने,

(२) समिति/कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकी मत बराबर भए निर्णायक मत दिने,

(३) सदस्य सचिवलाई बैठक वोलाउन आदेश दिने,

(४) बैठकमा योजना तथा प्रस्ताव पेश गर्ने,

(५) बैठकको निर्णय प्रमाणित गर्ने, बैठकको निर्णय कार्यन्वयन गर्ने, गराउने,

(६) गाउँपालिका तथा प्रमुखसंग सम्पर्क, समन्वय गर्ने,

(७) समितिको कोषको खाता सदस्य सचिवसँग सञ्चालन गर्ने,

(८) आय व्ययको श्रेस्ता दुरुस्त राख्न लगाउने,

(९) पदाधिकारी तथा सदस्यहरुलाई कामको जिम्मेवारी तोक्ने,

(१०) पदाधिकारी तथा सदस्यहरुको राजिनामा स्वीकृत गर्ने,

(११) समितिको कामको अनुगमन तथा नियमन गर्ने/गराउने,

(१२) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

संयोजकलाई सहयोग गर्ने,

(२) संयोजकको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने/गराउने,

(३) समितिको कार्यहरुको अनुगमन गर्ने/गराउने र कार्यक्रम परिचालन गर्ने

(४) समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,

(५) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने,

(५) समितिको तर्फबाट गर्नुपर्ने प्रशासनिक सम्पूर्ण कार्य गर्ने/गराउने,

(६) समितिको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी लिई कार्य गर्ने, गराउने ।

(७) समितिको कोष सञ्चालन गर्ने ।

(८) समितिको नाममा रहेको बैंक खाता अध्यक्षसँग संयुक्तरुपमा सञ्चालन गर्ने ।

(९) कानून बमोजिम आर्थिक कारोबारको श्रेस्ता राख्ने, राख्न लगाउने ।

(१०) गाउँपालिकाले तोकेको लेखा परीक्षकद्धारा लेखा परीक्षण गराउने र प्राप्त भएका बेरुजु फर्छौट गर्ने ।

**(ग) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) संयोजक तथा समिति/कार्यकारी समितिलाई सहयोग गर्ने ।

(२) बैठकमा सहभागी हुने ।

(३) समिति/कार्यकारी समिति तथा सयोजकले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

**समितिसँगको आबद्धता र कार्यक्रम सञ्चालन**

१७. युवा सम्बन्धि संघ, संस्थालाई आबद्धता प्रदान गर्ने : (१) युवाको हक, हित र अधिकारको संरक्षण गर्ने उद्देश्य राखि प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धि कुनै संघ, संस्था समितिमा आबद्ध हुन चाहेमा देहायको विवरण खुलाई समिति समक्ष निवेदन दिनुपर्नेछ :

(२) दफा १७ को उपदफा (१) बमोजिम निवेदन दिँदा क्षमतामुलक, शिपमुलक, आयमुलक, अनुदान, समअनुदान,सम्बन्धित ब्याक्री, ब्यावसाय फर्म संघ वा संस्थाको हकमा विधानसमेत संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त निवदेन सहित कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ, संस्था वा फर्मलाई समितिसँग आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा समितिले तोके बमोजिमको दस्तुर लिई सो संघ वा संस्था र फर्मलाई समितिले सहयोग प्रदान गरिने छ ।

(४) उपदफा (३) बमोजिम समितिमा आबद्धता उप्लब्ध संघ वा संस्थाले आफूले बर्षभरि गरेको कामको पर्षतिदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र समिति समक्ष पेश गर्नुपर्नेछ ।

(५) साझेदारी वा सहयोगी ब्याक्ती, श्रोत ब्याक्ती वा संस्थाबाट पनि कार्यक्रम संचालन गर्न सकिने छ ।

## परिच्छेद-५

**अध्यक्ष युवा स्वरोजगार कोष**

(१) अध्यक्ष युवा स्वरोजगार कोष कार्यक्रमको संचालन गाउँ पालिकाको कार्यालयबाट हुने छ ।

**१९. लेखापरीक्षण** : (१) अध्यक्ष युवा स्वरोजगार कोष कार्यक्रमको लेखा परिक्षण गाउँपालिकाको कार्यालयबाट हुने छ ।

## परिच्छेद-६

**कार्यक्रम संचालन र व्यवस्थापन**

१.सामाजिक परिचालन र कार्यक्रम ब्याबस्थापनको जिम्मेवारीको लागिएक जना सामाजिक क्षेत्रमा काम गरेको बिशेषज्ञलाई जिम्मेवारी दिन सक्ने छ र सोको सेवासुबिधा गाउँपालिकाले तोक्ने र उपलब्ध गराउने छ ।

## परिच्छेद-७

**विविध**

२६. **संशोधन :**

(१) बान्नीगढी जयगढ गाउँपालिका, अध्यक्ष युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयुक्त भएमा गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि योनिर्देशिका/कार्यविधि संशोधन भई कार्यान्वयन हुनेछ ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसकेमा सो विषयमा गाउँ कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

२७. **सपथ :**

समितिको पदेन बाहेक पदाधिकारी तथा सदस्यहरुले आ-आफ्नो पदभार सम्हाल्नु अघि अध्यक्षले गाउँ कार्यपालिकाबाट र सदस्यहरुले अध्यक्षबाट तोकिए बमोजिम सपथ लिनुपर्नेछ ।

म यस बान्नीगढी जयगढ गाउँपालिकामा संचालित अध्यक्ष युवा स्वरोजगार कार्यक्रम प्रति पूर्ण बफादार रहि ईमान्दारी पुर्वक आफुलाई दिईको जिम्मेवारी वहन गर्ने छु ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७७/१२/०३

प्रमाणीकरण विवरण

प्रमाणीकरण गर्ने पदाधिकारीको दस्तखत :

प्रमाणीकरण गर्नेको नाम, थर : राजेन्द्र बहादुर खड्का

पद : अध्यक्ष

प्रमाणीकरण मिति : २०७७/१२/०७

बान्नीगढी जयगढ गाउँपालिका, अछाम

**आज्ञाले,**
रामचन्द्र जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत